"शिवपुरी विकास र समृद्धिको आधार : शिक्षा, स्वास्थ, कृषि, पर्यटन र पूर्वाधार"

स्थानीय सरकार

शिवपुरी गाउँपालिका

शेरावगर, नुवाकोट

बागमती प्रदेश, नेपाल

सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धी सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/६/१)

शिवपुरी गाउँ कार्यपालिकाको मिति २०८३/०५/३१ को निर्णयानुसार यस कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकीमा रिक्त रहेका तपसिलका पदहरुमा करार सेवामा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आह्वान गरि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र (अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिनको भोलिपल्ट) रित पूर्वक आवेदन फाराम भरि पेश गर्नु हुन जानकारीको लागि अनुरोध छ।

तपसिल

विज्ञापन नं.	सेवा/समूह	पद/तह	माग संख्या	आवेदन दस्तुर	छनौट पश्चात कार्य गर्नु पर्ने कार्यालय
१-२०८३/०८४	स्वास्थ्य/ हेल्थ इन्सपेक्सन	जनस्वास्थ्य अधिकृत/ अधिकृत सातौं	१ (एक)	१,०००।-	शिवपुरी गाउँपालिकाको कार्यालय
२-२०८३/०८४	प्रशासन	कार्यालय सहयोगी/ प्रथमस्तर	३ (तीन)	४००।-	७ नं. वडा कार्यालय, सुनखानी
					८ नं. वडा कार्यालय, थानापती
					छाप स्वास्थ्य चौकी, २ नं. वडा कार्यालय

१. न्यूनतम शैक्षिक योग्यताः

(क) जनस्वास्थ्य अधिकृतः मान्यता प्राप्त शैक्षिक संस्थाबाट जनस्वास्थ्य संकायमा स्नातक तह (BPH) उत्तीर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता वा नवीकरण भएको ।

(ख) कार्यालय सहयोगीः कम्तीमा कक्षा ८ (आठ) उतीर्ण भएको ।

२. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः दरखास्त फाराम साथ उम्मेदवारको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको लब्धाङ्क-पत्र र चारित्रिक प्रमाण-पत्रको प्रतिलिपी, जनस्वास्थ्य अधिकृतको लागि सम्बन्धित परिषद्मा दर्ता वा नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपी, कार्य अनुभव भए अनुभवको प्रमाण-पत्रको प्रतिलिपी, तीन (३) प्रति पासपोर्ट साइजको फोटो, दस्तुर बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।दरखास्त फाराम साथ पेश गरिने सबै कागजातहरुको प्रत्येक पानाको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

३. छनौटको किसिमः अन्तरवार्ता ।

४. दरखास्त दिने स्थानः शिवपुरी गाउँपालिका, शेरावगर, नुवाकोट ।

५. दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा।

६. दरखास्त दस्तुरः यस गाउँपालिकाको सानिमा बैंक लिमिटेड, शिवपुरी शाखामा रहेको खाताको नामः SHIVAPURI GA.PA.GA. 1.1 ANTARIK RAJASWO KHATA, खाता नं. ०६१०१००४००००००९ मा दाखिला गर्नु पर्नेछ ।

७. उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्ममा जनस्वास्थ्य अधिकृतको लागि २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको (महिलाको हकमा ४५ वर्ष ननाघेको) र कार्यालय सहयोगीको लागि १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ (महिलाको हकमा ४० ननाघेको) ।

८. तलब स्केल तथा अन्य सुविधाः जनस्वास्थ्य अधिकृतको हकमा नेपाल सरकारले तोके बमोजिम र कार्यालय सहयोगीको हकमा करार सम्झौता बमोजिम हुने ।

९. सम्पर्क तथा परिक्षा मितिः पछि प्रकाशित गरिनेछ ।

१०. दरखास्त फारामः यस कार्यालयको Website बाट Download तथा स्वयं उपस्थित भई गाउँपालिकाबाट प्राप्त गर्न सकिनेछ।

११. इ-मेल मार्फत पेश गरिएका कागजातहरुको हकमा सम्पर्क मिति अगावै आवश्यक सम्पूर्ण कागजात यस कार्यालयमा रुजु गराई सक्नु पर्नेछ ।

नोटः थप जानकारीको लागिः श्री विष्णु प्रसाद न्यौपानेको मोबाइल नं. ९८५११२९४७२ मा सम्पर्क गर्न सकिनेछ।

२०८३/६/१

(सुदिप सापकोटा)

संयोजक, पदपूर्ति समिति

सम्पर्क नं: ०१०-६३००६३, Website: www.shivapurimun.gov.np, Email : shivapuri.rmun@gmail.com

CamScanner